नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाडौं

पत्र संख्या: २०८३/८४

चलानी नं.:-

मिति: २०८३/०८/११

प्रथम पटक प्रकाशित मिति: २०८३/०८/११

जरिवाना रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

विषय: बजार अनुगमनका क्रममा तोकिएको जरिवाना रकम १ (एक) महिनाभित्र दाखिला गर्ने बारे ।

उपभोक्ताको हक, हित तथा अधिकारको संरक्षण र स्वच्छ तथा प्रतिस्पर्धी बजार व्यवस्थापनका लागि यस विभाग तथा मातहतका कार्यालयहरुबाट विभिन्न मितिमा गरिएको नियमित तथा आकस्मिक बजार अनुगमनका क्रममा प्रचलित कानून विपरीत व्यवसाय सञ्चालन गरेको पाइएका व्यावसायिक फर्म, कम्पनी तथा प्रतिष्ठानहरुलाई **उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ र दफा ३९** बमोजिम निरीक्षण अधिकृतबाट तत्काल जरिवाना गरिएकोमा कतिपय व्यावसायिक फर्म तथा प्रतिष्ठानहरुले हालसम्म पनि उक्त जरिवाना रकम राजस्व खातामा दाखिला गरी सोको प्रमाण यस विभागमा पेश नगरेको अभिलेखबाट देखिन आएको छ ।

अतः **उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९ को उपदफा (५) र दफा ४०, उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम २६, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, साझेदारी ऐन, २०२०, कम्पनी ऐन, २०६३, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१, गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४** लगायतका प्रचलित नेपाल कानून बमोजिम जरिवाना तिर्न बाँकी रहेका सम्पूर्ण व्यावसायिक फर्म, कम्पनी तथा प्रतिष्ठानहरुलाई **यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १ (एक) महिनाभित्र** तोकिएको जरिवाना बापतको रकम सरकारी राजस्व खातामा दाखिला गरी सोको सक्कल भौचर (रसिद) सहित यस विभागमा अनिवार्य रुपमा जानकारी गराउनु हुन सूचित गरिन्छ ।

राजश्व रकम दाखिला गर्ने:-	
बैंकको नाम:- हिमालय बैंक लि.	*शाखा :- नयाँबानेश्वर*
राजश्व शीर्षक :- १४३१२	*कार्यालय कोड:- ३०७०५३५०१*

तोकिएको म्यादभित्र जरिवाना दाखिला नगरेमा हुने कानूनी कारवाहीहरु:

१. व्यवसाय शिलबन्दी तथा कारोबार रोक्का: उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९(५) तथा दफा ४० बमोजिम सम्बन्धित व्यावसायिक फर्म, पसल वा प्रतिष्ठानमा शिलबन्दी गरी व्यावसायिक कारोबार तत्काल रोक्का गरिनेछ ।

२. इजाजतपत्र तथा दर्ता खारेजीको सिफारिस: प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, कम्पनी ऐन, २०६३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम फर्म/कम्पनी दर्ता खारेज गर्न तथा अन्य सरकारी निकायबाट प्राप्त इजाजतपत्र/अनुमतिपत्र निलम्बन वा खारेज गर्न लेखी पठाइनेछ ।

३. सरकारी बाँकी सरह असुल उपर: तोकिएको जरिवाना रकम सरकारी बाँकी सरह असुल उपर गर्न सम्बन्धित मालपोत कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमार्फत चल-अचल सम्पत्ति तथा बैंक खाता रोक्का राख्ने प्रक्रिया अगाडि बढाइनेछ ।

नोट: जरिवाना रकम दाखिला गर्न राजस्व शीर्षक, कार्यालय कोड तथा बैंक खाता सम्बन्धी विस्तृत जानकारीका लागि यस विभागको वेबसाइट (www.doc.gov.np) तथा टोल फ्रि नं. ११३७ मा सम्पर्क राख्न सकिनेछ ।

२०८३/०८/११

.....

निर्देशक

वाणिज्य,आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग